का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० चैत २०८१,
शनिबार
12 April, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ६९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



डेडिकेटेड र ट्रंक लाइनको बक्यौता उठाउन निर्देशन दिँदै ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का ।

# विद्युत् बक्यौता उठाउन अघि सरे शाक्य

विद्युत् महसुल विवाद समाधान गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनको आधारमा बक्यौता उठाउन मन्त्री खड्काले निर्देशन दिएको २ दिनमा प्राधिकरणले प्रक्रिया अघि बढाएको छ

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

सरकारले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता रकम उठाउने विषयमा चासो दिएको छ । बक्यौता रकम यकिन गरी तत्काल उठाउन ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्काले सम्बन्धित निकायका प्रमुखलाई निर्देशन दिएसँगै नेपाल विद्युत् प्राधिकरणले बक्यौता उठाउने तयारी थालेको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को २७ कात्तिक २०८१ को निर्णयअनुसार टाइम अफ डे (टीओडी) मिटरसमेतको डाटा रुजु भएर आएमा विद्युत् बक्यौता तिर्न उद्योगीहरू सहमत भए पनि प्राधिकरणले ट्रंक टीओडीबाट हिसाब नभएको बिल पठाएपछि उद्योगीहरूले असहमति जनाउँदै आएका थिए ।

मन्त्री खड्काले यसअघिका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बाँकी बक्यौता रकम असुल उपर गर्न निर्देशन दिए पनि कार्यान्वयन हुन सकेको थिएन ।

खड्काले बुधबार पुनः ऊर्जा सचिव सुरेश आचार्य, विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धिताल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई ट्रंक लाइन र डेडिकेटेड फिडर लाइनको बक्यौता उठाउन निर्देशन दिएसँगै बक्यौता उठाउने विषयले मूर्त रूप लिन लागेको मन्त्रालयको दाबी छ ।

मन्त्रीको निर्देशनपछि प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले शुक्रबार बक्यौता रहेका प्रमुख उद्योगीलाई प्राधिकरणमा बोलाएर छलफल गरेका छन् ।

प्राधिकरणको बोर्ड बैठकले पुनरावलोकन शुल्क ५ प्रतिशतमा घटाएपछि उद्योगीले सकारात्मक रूपमा लिएको प्राधिकरणले जनाएको छ । 'विद्युत् बक्यौता उठाउने विषयमा व्यवसायीहरूसँग सकारात्मक छलफल भएको छ', प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले भने, 'विद्युत् सेवा नियमित र भरपर्दो गर्न एकातिरको आपूर्ति अवरुद्ध हुँदा अर्कातिरबाट लाइन दिन मिल्ने व्यवस्था गर्न लागेका छौं ।'

२०७३ माघदेखि २०७५ वैशाखसम्म उद्योगलाई विद्युत् उपलब्ध गराइएको ट्रंक लाइन र डेडिकेटेड लाइनको महसुलसम्बन्धी विवाद लामो समय गिजोलिएर रहेको थियो । विद्युत् बक्यौता उठाउने विषयमा उद्योगी व्यवसायी र विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङबीचको असमझदारीले समस्या थप ठूलो हुँदै गएको मन्त्रालयको दाबी छ ।

विद्युत् महसुल विवाद समाधान गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनका आधारमा बाँकी बक्यौता उठाउन मन्त्री खड्काले निर्देशन दिएको २ दिनमा प्राधिकरणले प्रक्रिया अघि बढाउन थालेको बताएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्षसमेत रहेका उद्योगीहरूका प्रतिनिधि पशुपति मुरारकाले उद्योगीहरू पहिले पनि गलत नभएका र आगामी दिनमा पनि गलत हुन नसक्ने बताएका छन् । उनले छलफलमा भएको सहमतिअनुसार पुनरावलोकनमार्फत विवाद समाधानमा अघि बढ्न प्राधिकरणलाई सघाउन तयार भएको बताए ।

त्यस्तै, सिमेन्ट उद्योगीका प्रतिनिधि ध्रुव थापाले मन्त्रिपरिषद्, संसद्को लेखासमिति, विद्युत् नियमन आयोग र लाल आयोगसमेत सबैजसो निकायको निर्देशन विद्युत्को महसुल तिर्नू भन्ने नै रहेको भन्दै आफूहरूले प्रयोग गरेको विद्युत् महसुल तिर्न तयार रहेको बताए ।

>>> पृष्ठ २ मा

## यस्तो थियो बक्यौता विवाद

नागरिकले १८ घण्टासम्म लोडसेडिङको मार खेपिरहेको समयमा प्राधिकरणले व्यक्तिको लाइन काटेर उद्योगीलाई बिजुली दिएको थियो । संकटको अवस्थामा डेडिकेडेट र ट्रंक लाइनमार्फत उपभोग गरेको विद्युत्को भुक्तानीलाई लिएर २०७५ सालदेखि प्राधिकरण र उद्योगीहरूबीच विवाद जारी छ ।

यसैलाई लिएर १ वर्षअघि नै प्राधिकरणले जगदम्बा स्टील्स, जगदम्बा सिन्थेटिक्स, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट र हुलास स्टीललगायत २४ उद्योगको लाइन काटेको थियो ।

प्राधिकरणका अनुसार जगदम्बा स्टील्सको १ अर्ब ६० करोड, जगदम्बा सिन्थेटिक्सको २० करोड, रिलायन्स स्पिनिंग्सको ७५ करोड ३७ लाख, घोराही सिमेन्टको ५१ करोड, अर्घाखाँची सिमेन्टको ४४ करोड ८६ लाख, हुलास स्टील्सको १४ करोड रुपैयाँ बक्यौता छ ।

६१ उद्योगले ८ अर्ब २६ करोड बक्यौता तिर्नुपर्ने प्राधिकरणको दाबी छ । २०७२ सालदेखि सुरु भएको डेडिकेटेड र ट्रंक लाइनको प्रिमियम शुल्क २०७७ असारसम्मै चलेको थियो । त्यसबेला सरकारी अस्पताल, कार्यालय तथा निजी उद्योगसमेत गरी २९८ ग्राहकले यस्तो लाइन लिएकामा पछिल्लो समय ६१ उद्योगको बिलमा भने विवाद भइरहेको छ । विद्युत् प्राधिकरणले २०७५ सालमा ६१ उद्योगीलाई छुट बिल तिर्न पत्र पठाएपछि विवाद सतहमा आएको थियो ।

यसैबीच विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका ग्राहकसँग प्राधिकरणले तोकेको मापदण्ड पुगेको प्रमाणका आधारमा मात्रै शुल्क उठाउन पाउने निर्णय गर्‍यो । तर, विवाद समाधान नभएपछि मन्त्रिपरिषद्ले २४ पुस २०८० मा छानबिन आयोग गठन गरेको थियो । आयोगले २३ वैशाख २०८१ मा सिफारिससहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो ।

सोही प्रतिवेदनमा २०७२ पुसअघि र २०७५ वैशाखपछिको अवधिको प्रिमियम शुल्क प्राधिकरणले लिन नमिल्ने सिफारिस गरेको देखिन्छ । २०७२ माघदेखि २०७५ वैशाखसम्म उद्योगहरूले विद्युत् उपभोग गरेको दिन र अवधि यकिन गरी पुनः गणना गरेर मात्र महसुल लिन पाउने आयोगको सिफारिस कार्यान्वयन गर्ने २७ वैशाख २०८१ मा मन्त्रिपरिषद्ले निर्णय गरेको थियो ।

तत्कालीन मुख्य सचिव बैकुण्ठ अर्यालको निर्देशनमा विद्युत् प्राधिकरणले पुनः महसुल गणना गरी पुरानै बिलका आधारमा बक्यौता उठाउन उद्योगीहरूलाई पत्राचार गरेपछि पुनः विवाद बल्झिएको व्यवसायीहरूको दाबी छ ।

उद्योगीहरूले बिलको आधार र टीओडी मिटरको तथ्यांक उपलब्ध नगराईकन महसुल नतिर्ने अडान राखेपछि ६ वटा ठूला उद्योगीको लाइन प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङले काटिदिएका थिए ।

प्राधिकरणले ज्यादती गरेको भन्दै बाँकी उद्योगका संचालकहरूले

>>> पृष्ठ २ मा

## संसद्को सक्रियतामा सांसदकै अरुचि

- प्रश्न संख्या : २५
- प्रश्नकर्ता सांसद : २
- प्रश्नमाथि छलफल : ०
- प्रस्ताव संख्या : ८
- प्रस्तावमाथि छलफल : २
- मन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर : ०



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

संसद्को मुख्य काम सार्वजनिक चासो र जनसरोकारका विषय सम्बोधन गर्दै समयाअनुकूल नीति बनाउने हो । यस निम्ति संसद् सचिवालय र सांसदहरू सक्रिय हुने विश्वास गरिन्छ । मतदाताले यही अपेक्षा गरेर जनप्रतिनिधि चुनेका हुन्छन् । तर, व्यवहारमा भने त्यसअनुसारका गतिविधि कम हुने गरेको तथ्यांकले देखाउँछ ।

संघीय संसद्को हिउँदे अधिवेशन ६१ दिन चल्यो । विभिन्न ९ वटा ऐन बनायो । स्थानीय र क्षत्रीय मुद्दाहरू संसद्मा सांसदहरूले उठाए । त्यसबाहेक संसद्मा बहसका लागि औपचारिक रूपमा विषय लैजाने सन्दर्भमा सांसदहरूको औधी रुचि देखिएन ।

संसद् सचिवालयका अनुसार छलफलका लागि प्रश्न र प्रस्तावहरू नगण्य मात्रामा मात्र दर्ता भए । ती नगण्य प्रश्न र प्रस्तावमाथि छलफल पनि भएन ।

> संसद्लाई सक्रिय बनाउन न सांसदहरूले तत्परता देखाए, न त राजनीतिक दलहरूले भूमिका खेले । न सत्तापक्षले संसद्लाई जीवन्त बनाउन प्रयास गर्‍यो, न त प्रतिपक्षले खबरदारी गर्‍यो । संसद् केवल चल्नका लागि चल्ने गरेको छ ।

सचिवालयका अनुसार विधेयक अधिवेशनमा मन्त्रीलाई लिखित वा मौखिक प्रश्न दर्ता गर्ने सांसद २ जना मात्र थिए । राष्ट्रिय स्वतन्त्र पार्टी

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा मागपत्र प्रमाणीकरणको समस्या १ महिनामा समाधान गर्ने मन्त्री भण्डारीको घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ चैत ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकार वैदेशिक रोजगार व्यवसायी र कामदारको सुरक्षामा सरकार गम्भीर रहेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३० र ३१औं साधारणसभा उद्घाटन गर्दै उक्त कुरा बताएका हुन् ।

अर्थमन्त्री पौडेलले व्यवसायीले उठाउँदै आएका संख्या सय समस्याको समाधान, मागपत्र प्रमाणीकरण, लागतको परिभाषा गरी सेवा शुल्क परिमार्जनको विषयमा जानकार रहेको बताए ।

सरकार बजेट निर्माणको तयारीमा रहेको अवस्थामा सार्वजनिक मञ्चबाट ती विषयमा बोल्नु उचित नहुने तर



आन्तरिक रोजगारीको पर्याप्तता नभएको अवस्थामा अन्तर्राष्ट्रिय श्रम बजारमा जाने व्यवस्थालाई सुरक्षित बनाउनुको विकल्प नरहेको बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगार व्यवसायीको योगदानको कदर गर्न सरकार तयार रहेको भन्दै संख्या सयलगायतका समस्या समाधानदेखि मागपत्र प्रमाणीकरणका समस्या समाधान हुने बताए । मन्त्री भण्डारीले मागपत्र प्रमाणीकरण समस्या आगामी १ महिनामा समाधान हुने बताए । उनले यूएईमा नेपाली कामदारको न्यूनतम तलब १ हजार

>>> पृष्ठ २ मा

## संघ निर्वाचन ९१ प्रतिशत मतदान

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा ९१ प्रतिशतभन्दा बढी मतदान भएको छ । संघको निर्वाचनका लागि ८९३ प्रतिनिधि सूचीकृत भएकामा ८१३ जनाले मात्र मतदानमा भाग लिएका निर्वाचन समितिले जनाएको छ ।

मतदान शुक्रबार दिउँसो साढे ४ बजेपछि सुरु भएको थियो भने राति साढे ९ बजेसम्म मतदान केन्द्रमा उपस्थित मतदाताले मतदान गर्न पाएका थिए ।

संघको २१ सदस्यीय कार्यसमितिमध्ये अध्यक्षसहित ७ पदाधिकारी र १० जना कार्यसमिति सदस्यका लागि निर्वाचन भएको हो । त्यसका लागि २ प्यानलका

>>> पृष्ठ २ मा




**निमिष झा/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

१५ चैतमा तीनकुनेमा भएको हिंसात्मक घटनाका मुख्य कमान्डर दुर्गा प्रसाईंलाई काठमाडौं जिल्ला अदालतले १२ दिन न्यायिक हिरासतमा राख्न अनुमति दिएको छ । बिहीबार राति भारतको असममा पक्राउ परेका प्रसाईंलाई शुक्रबार दिउँसो काठमाडौं ल्याएर प्रहरीले काठमाडौं जिल्ला अदालतमा पेस गरेको थियो ।

राज्यविरुद्धको अपराध र संगठित अपराधमा प्रहरीले अनुसन्धानका लागि न्यायिक हिरासतमा राख्न माग गर्दै अदालतमा पेस गरेकामा अदालतका न्यायाधीश शिशिरराज ढकालको इजलासले दुवैलाई १२ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो ।

प्रसाईं तीनकुने प्रदर्शन हिंसात्मक भएसँगै फरार भएका थिए । प्रदर्शनमा २ जनाको मृत्यु तथा करोडौंको निजी र सरकारी सम्पत्तिमा क्षति पुगेपछि राज्यविरुद्धको अपराध र संगठित अपराधलगायतका आरोपमा प्रसाईं प्रहरीको सर्वाधिक खोजीमा परेका थिए ।

प्रसाईंलाई पूर्वराजा ज्ञानेन्द्र शाहले राजसंस्था फर्काउने अभियानको कमान्डर तोकेका थिए । १५ चैतमा प्रसाईंकै कमान्डमा भएको आन्दोलन हिंसात्मक बन्दा प्रहरीको गोली लागेर सविन महर्जन र प्रदर्शनकारीले भवनमा लगाएको आगोमा जलेर पत्रकार सुरेश रजकको

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० चैत २०८१ शनिबार
12 April 2025, Saturday

# कारागार पठाउने उच्चको आदेशविरुद्ध लामिछानेले दिए सर्वोच्चमा रिट

**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूलाई पूर्पक्षका लागि थुनामा पठाउने उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेशविरुद्ध सर्वोच्च अदालतमा रिट दिएका छन् । शुक्रबार लामिछानेको निवेदन उनकी पत्नी निकिता पौडेल, रास्वपाकी सहप्रवक्ता प्रतीभा रावल र कानुन व्यवसायी नारायण कँडेल सर्वोच्च पुगेर दर्ता गराएका हुन् ।




सर्वोच्च अदालतका सूचना अधिकारी सहायक प्रवक्ता निराजन पाण्डेका अनुसार लामिछानेको तर्फबाट आएको निवेदन दर्ता भएको र आइतबारलाई पेशी तोकिएको छ ।

२२ चैतमा उच्च अदालत तुलसीपुर, बुटवलले इजलासले जिल्ला अदालत रुपन्देहीको फैसला बदर गर्दै लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । हाल लामिछाने थुनुवाका रुपमा रुपन्देही कारागारमा छन् ।

सहकारी ठगी र संगठित अपराध मुद्दामा जिल्ला अदालत रुपन्देहीले एक करोड रुपैयाँ धरौटीमा छाड्ने आदेशलाई उच्च अदालत तुलसीपुरले उल्टाउँदै पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । उक्त आदेश बदरको माग गर्दै गोर्खा मिडिया प्रालिका पूर्वप्रबन्ध निर्देशक समेत रहेका लामिछानेले बाहिरबाटै मुद्दा लड्न पाउनुपर्ने माग गरेका छन् ।

६ माघमा जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीले बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम ठगी प्रकरणमा सभापति लामिछाने समेतलाई प्रतिवादी बनाउँदै जिल्ला अदालत रूपन्देहीमा मुद्दा दायर गरेको थियो । सहकारीको रकम अपचलन गरेको कसुरमा कुल ४२ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो । ती ४२ जनाबाट सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा कुल १ अर्ब ४३ करोड ८६ लाख २ हजार १ सय ३५ रुपैयाँ बिगो माग दाबी गरिएको छ ।

त्यसपछि १३ माघमा जिल्ला अदालत रूपन्देहीमा थुनछेक बहस सकिएपछि गोर्खा मिडियाका तत्कालीन पूर्वप्रबन्ध निर्देशक रहेका लामिछानेलाई न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले १ करोड रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो ।

जिल्ला अदालत रूपन्देहीले धरौटीमा रिहा गर्ने आदेश जारी गरेपछि प्रतिवादी लामिछानेलाई धरौटी नभइ थुनामै राख्नुपर्ने माग गर्दै सरकारी वकिल कार्यालयमा २२ फागुनमा उच्च अदालत पुगेको थियो । २६ फागुनमा लामिछाने पनि जिल्ला अदालतको १ करोड धरौटीको आदेशको खारेजीको माग गर्दै उच्चमा निवेदन दिएका थिए ।

# तीनकुने घटनाको अनुसन्धान जारी छ : गृहमन्त्री



**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले राजावादीको हिंसात्मक प्रदर्शनका क्रममा तोडफोड र आगजानीलगायत घटनामा संलग्नहरुरूलाई पक्राउ गर्ने क्रम जारी रहेको बताएका छन् । प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिको बैठक शुक्रबार उनले उक्त प्रदर्शनका मुख्य आरोपी दुर्गा प्रसाईंलाई पक्राउ गरिएको जानकारी दिँदै घटनाका अन्य आरोपी पनि पक्राउ पर्ने क्रम जारी रहेको बताए ।

सोही प्रदर्शनमा घाइते भएकाहरूको उपचार सरकारले गर्ने भनेर मन्त्रिपरिषद्बाट निर्णय भइसकेको बताउँदै गृहमन्त्री लेखकले उपचार गराइराखेको अस्पतालभन्दा बाहिरबाट औषधि किन्नुपरेमा पनि त्यसको खर्च सरकारले बेहोर्ने जानकारी दिए ।

'घाइतेलाई अस्पतालमा पुगेर मैले भेटेको छु । घटनामा परी मृत्यु भएका दुवै जनाका परिवारलाई सरकारले राहतस्वरुप रु दश/दश लाख दिने निर्णय गरेर प्रक्रिया अघि बढिसकेको छ', उनले भने ।

गृहमन्त्री लेखकले तीन कुनेमा हिंसात्मक प्रदर्शन संविधान च्यात्ने र व्यवस्था मास्ने प्रयासको रूपमा व्याख्यासमेत गरे । 'लोकतान्त्रिक व्यवस्थामा आगो लगाएर निरंकुशताको खोजी उचित हुँदैन'उनले भने, 'हिन्दू धर्म जस्तो उत्कृष्ट धर्मलाई निकृष्ठ राजनीतिका लागि प्रयोग गर्नुहुँदैन ।'

गृहमन्त्री लेखकले वर्तमान संविधान र लोकतान्त्रिक व्यवस्थामा आफ्ना असन्तुष्टि राख्न सकिने भए पनि लोकतन्त्रको विकल्प खोज्ने र पछाडि फर्किने छुट नभएकामा जोड दिए ।

त्यसैले तीनकुने घटनालाई सरकारले गम्भीरतापूर्वक लिएको उनको भनाइ थियो । 'यस्ता प्रकृतिका घटना हुन नदिन सरकार गम्भीर छ। घटनाक्रमलाई विश्लेषण गर्दा नियोजित रूपमा आतंक र अराजकता फैलाउने आपराधिक कार्य हो भन्नेमा प्रष्ट छौं', उनले भने ।

तीनकुने घटनाबारे छानबिन समिति गठन हुन सकेन

नेपाली कांग्रेस र नेकपा एमाले सांसदहरुले सहमति नजनाएपछि संसदीय समितिको बैठकमा प्रश्ताव पेश भएपनि तीनकुने घटनाबारे छानविन समिति गठन हुन सकेन ।

शुक्रबार सिंहदरबारमा बसेको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा समिति सभापति विमला सुवेदीले तीनकुने घटनाबारे छानविन समिति गठन गर्न प्रस्ताव गरेकी थिइन् । तर नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरुले सहमति नजनाएसँगै छानविन समिति बन्न नसकेको हो। समिति सभापति सुवेदीले उक्त घटनामा मानव अधिकारको गम्भीर उल्लंघन भएको बताइन्। उनले घटनामा शान्ति सुरक्षा कायम गर्ने सरकारको दायित्वमा कमजोरी देखिएको बताइन्। उनले आगामी दिनमा राज्यले यस्ता घटना दोहोरिन नदिन समितिले सचेत गराएको बताइन् । उनले सुरक्षा चुनौतीको विश्लेषणका आधारमा शान्ति सुरक्षा व्यवस्थाको प्रवन्ध मिलाउनुपर्ने बताइन् । सभापति सुवेदीले आगामी दिनमा सुरक्षा संवेदनशीलतालाई उच्च प्राथकितामा राखेर उचित स्थानमा मात्र प्रदर्शन गर्न अनुमति दिने आवश्यक आवश्यक प्रबन्ध मिलाउन सरकारलाई निर्देशन दिएको बताइन् ।

# विद्युतीय दुर्घटनाबाट मृत्यु हुनेका परिवारलाई १० लाखसम्म राहत दिइने

**काठमाडौं/मस-** नेपाल विद्युत् प्राधिकरणले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा रु १० लाखसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ ।




ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अध्यक्षतामा शुक्रबार बसेको प्राधिकरण सञ्चालक समितिको ९९५औँ बैठकले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा रु १० लाखसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

प्राधिकरणले हाल विद्युतीय दुर्घटनामा परी मृत्यु भएमा कर्मचारीको हकमा बढीमा रु पाँच लाख राहत र परिवारलाई तीन तहसम्मको रोजगारी दिने व्यवस्था थियो । त्यस्तै सर्वसाधारणको हकमा बढीमा रु पाँच लाखसम्म राहत दिने व्यवस्था गरेको थियो । बैठकमा मन्त्री खड्काले विद्युतीय दुर्घटनामा परेकाहरूलाई दिनुपर्ने राहत कुनै पनि बहानामा नरोक्न र तत्काल उपलब्ध गराउनसमेत निर्देशन दिएका थिए ।

बैठकले विद्युत् वितरण विनियमावली २०७८ लाई संशोधन गरी उपभोक्ताको असन्तुष्टिसम्बन्धी पुनरावेदन प्रक्रियामा उल्लेखनीय सुधार गर्ने निर्णय गरेको छ । कुनै उपभोक्तालाई आफूले प्रयोग गरेको विद्युत् महसुलमा चित्त नबुझे पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी रकम २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमात्र कायम गर्ने निर्णयसमेत गरेको छ ।


सर्वसाधारणले विद्युत् उपभोग गरेवापत प्राधिकरणले उपलब्ध गराउने विद्युत् महसुलमा पटकपटक चित्त नबुझेको व्यापक गुनासा आउने गरेको थियो । यो निर्णयले सर्वसाधारणमाथि पर्ने आर्थिक दबाब घटाएको छभने विद्युत् प्राधिकरणप्रति नागरिकको विश्वास बढाउने छ ।

बैठकले प्राधिकरणसँग सेवा प्रवाहको सम्झौता गरेका तर गुणस्तरीय सेवा दिन नसकेका संस्थाहरूको नवीकरण खारेज गर्ने निर्णय गरेको छ । प्राधिकरणको सेवालाई थप व्यवस्थित बनाउन राष्ट्रिय ग्रिड विस्तार भएको क्षेत्रमा प्राधिकरण आफैँले सेवा प्रदान गर्ने निर्णय गरेको हो । गुणस्तरीय सेवा प्रदान गर्ने संस्थाहरुको मूल्याङ्कन गरी आवश्यकतानुसार सम्झौतालाई निरन्तरता दिने भएको छ ।

बैठकले ऊर्जा मन्त्रालयका सचिवको संयोजकत्वमा प्रशासकीय पुनरावलोकन समिति गठन गर्ने निर्णय पनि गरेको छ। चार सदस्यीय उक्त समितिमा प्राधिकरणका उपकार्यकारी निर्देशक, विद्युत् विकास विभागका विज्ञ, प्राधिकणका कार्यकारी निर्देशक सदस्यसचिव रहनेछन् । जसले निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने प्राधिकरणले जनाएको छ । उपभोक्ता र सर्वसाधारणलाई केन्द्रमा राखेर प्राधिकरणको सुधारका लागि महत्वपूर्ण निर्णय गरिएको प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव जानकारी दिए ।

# 'स्व. गौरीनारायण श्रेष्ठ मध्यान्ह पत्रकारिता पुरस्कार' स्थापना

**काठमाडौं/मस-** 'स्व. गौरीनारायण श्रेष्ठ मध्यान्ह पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ । मध्यान्ह राष्ट्रिय दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठले आफ्नो स्व. बुबाको सम्झनामा सो पुरस्कार स्थापना गरेकी हुन् ।



हरेक वर्ष नेपाल पत्रकार मञ्चमा आबद्ध पत्रकारहरूमध्ये उत्कृष्ट एक जना पत्रकारलाई यो पुरस्कार प्रदान गरिने नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज बिद्रोहीले जानकारी दिए ।

यसै वर्षबाट प्रदान गरिने उक्त पुरस्कारको राशि ११ हजार १ सय ११ रुपैयाँ रहेको अध्यक्ष बिद्रोहीले बताए । लमजुङ, चिती निवासी स्व. गौरीनारायण श्रेष्ठको गत वर्ष फागुन २ गते ८० वर्षको उमेरमा निधन भएको हो ।

**विद्युत् ...**

आयोगको प्रतिवेदनमा ट्रंक लाइन र डेडिकेटेड लाइन प्रयोग गरेबापत टीओडी मिटरसमेतको आधारमा अध्ययन गरी बक्यौता असुल गर्न सिफारिस गरिएको थियो । योसँगै लामो समयको बक्यौता विवाद समाधान उन्मुख देखिएको छ ।

**यस्तो...**

आफैं लाइन काटेका थिए । त्यसलगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल काटिएका ६ उद्योगको बिजुली जोड्न प्राधिकरणलाई निर्देशन दिए । तर, प्रधानमन्त्रीको निर्देशन प्राधिकरणका निर्देशक घिसिङले अवज्ञा गरेपछि सरकार र प्राधिकरण्का कार्यकारी निर्देशक घिसिङबीच वारपारको अवस्था आएको थियो ।

प्रधानमन्त्री ओलीले बक्यौता नतिर्ने उद्योगहरूमा विद्युत् जोड्न दिएको निर्देशनप्रति संसद्देखि सडकसम्म विरोध हुँदै आएको थियो । यही विषयबाट सरकार र प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङबीच विवाद बढ्दै गएपछि सरकारले २ हप्ताअघि मात्र घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई नेपाल विद्युत् प्रधिकरणको कार्यकारी निर्देशक बनाएको छ । उनी अहिले मन्त्रीको निर्देशनअनुसार बक्यौता उठाउने काम गरिरहेका छन् ।

**वैदेशिक...**

दिराम कायम गराउने प्रयासमा सरकार रहेको बताए ।

प्रोटोकल मिलाएर घरेलु कामदार पठाउनेलगायतका विषयमा सरकार सुधारका लागि तयार रहेको तर व्यवसायी कामदारका अधिकारका पक्षमा इमानदार हुन जरुरी रहेको उनले बताए ।

साधारणसभालाई संघका पूर्वअध्यक्ष तथा सांसद एलपी साँवा लिम्बू, विमल ढकाल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाललगायतले शुभकामना दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार व्यवसायी सधैंभरि विदेशमा कामदार पठाउने मात्र उद्देश्य नभएर सीपयुक्त कामदार पठाउनुपर्ने पक्षमा रहेको बताए । अध्यक्ष भण्डारीले लागत निर्धारण गरेर सेवा शुल्क नहुँदासम्म कामदार ठगीमा पर्ने भएकाले १ महिनाको तलब बराबरको रकम सेवा शुल्क तोक्दा कामदार सुरक्षित, सरकारले कर प्राप्ति र व्यवसायी मर्यादित हुने उल्लेख गरे ।

स्वागत मन्तव्य राखेका महासचिव मेघनाथ भुर्तेलले मागपत्र प्रमाणीकरणमा ढिलाइ हुँदा सीपयुक्त जनशक्ति भिजिट भिसामा विदेश जान बाध्य भएको र बिचौलियाले लाभ लिएको बताउँदै यस्ता समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गरे ।

नेपाली कांग्रेसका सहमहामन्त्री तथा सांसद जीवन परियारलगायतले साधारणसभा सफलताको शुभकामना व्यक्त गरेका थिए ।

साधारणसभामा संघको भवन खरिदमा योगदान दिने मध्यान्ह राष्ट्रिय दैनिकलगायत व्यवसायी, संघका पूर्वअध्यक्ष, संघमा कार्यरत कर्मचारीलगायतलाई सम्मान गरिएको छ ।

संघको साधारणसभाले वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पारित गरेपछि शुक्रबार नै आगामी २ वर्षे कार्यकालका लागि निर्वाचन भएको थियो ।

संघको २१ सदस्यीय कार्यसमितिमध्ये अध्यक्षसहित ७ पदाधिकारी र १० जना कार्यसमिति सदस्य प्रत्यक्ष मतदानबाट निर्वाचित हुने छन् । ४ सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था छ । कार्यसमितिका लागि २ प्यानलका ३४ र स्वतन्त्र २ गरी ३६ जना चुनावी मैदानमा छन् ।

**संघ...**

३४ र स्वतन्त्र २ गरी ३६ जनाको उम्मेदवारी परेको थियो । ४ सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था छ। संघको निर्वाचन मतपत्रका आधारमा भएको हो ।

**दुर्गा...**

मृत्यु भएको थियो । तीनकुने घटनामा संलग्न रहेको अभियोगमा यस अगाडि नै राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशम्शेर जबरा लगायत प्रहरी हिरासतमा छन् । उनीहरूमाथि अनुसन्धान जारी रहेकाले १५ दिन हिरासतमा राख्न थप म्याद दिइएको छ । जिल्ला प्रहरी कार्यालय काठमाडौंमा लगेर पक्राउ पुर्जी दिएपछि म्याद थपको प्रक्रिया अगाडि बढाउन उनलाई प्रहरी कार्यालयसँगै रहेको जिल्ला सरकारी वकिलको कार्यालयमा लगिएको थियो । त्यहाँ कानुनी प्रक्रिया पूरा भएपछि उनलाई बबरमहलमा रहेको काठमाडौं जिल्ला अदालतमा लगिएको थियो ।

**अलमलमा प्रहरी**

बिहीबार साँझ असमको बक्सामा प्रसाईंलाई भारतीय सुरक्षा निकायले नियन्त्रणमा लिएको घटनालाई नेपाल प्रहरीले राति अबेर अस्वीकार गरेर विज्ञप्ति जारी गरेको थियो । तर, शुक्रबार बिहान असमको बक्साबाट झापाको काँकडभिट्टा ल्याएर नेपाली सुरक्षाकर्मीले औपचारिक रूपमा प्रसाईंलाई बुझेपछि प्रहरी प्रधान कार्यालयले फेरि विज्ञप्ति निकालेर प्रसाईं पक्राउ स्वीकार गऱ्यो ।

प्रहरी नायब महानिरीक्षक (डीआईजी) तथा प्रवक्ता दिनेश आचार्यले शुक्रबार जारी गरेको विज्ञप्तिमा प्रसाईं भद्रपुरमा उनका बडीगार्ड दीपक खड्कासहित पक्राउ परेको उल्लेख छ ।

प्रसाईं असमस्थित नेपालीभाषीको घरमा लुकेर बसेका थिए । उनलाई भारतको असम राज्यस्थित धनसिरीपुर ठाडालाइन क्षेत्रबाट पक्राउ गरिएको हो । प्रहरीले भने शुक्रबार मात्र झापाको भद्रपुरबाट पक्राउ गरिएको जनायो ।

यसअघि पनि भारतमा पक्राउ गरेका व्यक्तिलाई भारतीय सुरक्षा निकायले नेपाललाई नबुझाउँदासम्म नेपाल प्रहरीले पक्राउ परेको स्वीकार्ने गरेको थिएन ।

भारतीय प्रहरीको समन्वयमा प्रसाईंलाई नियन्त्रणमा लिइएको थियो । यो खबर सार्वजनिक भएसँगै प्रहरीले शुक्रबार मध्यरातमा प्रेस विज्ञप्ति जारी गरी प्रसाईं पक्राउ नपरेको दाबी गरेको थियो । तर, शुक्रबार झापा ल्याएपछि मात्र प्रहरीले प्रसाईं पक्राउ परेका औपचारिक जानकारी दियो ।

असम पुगेको नेपाल प्रहरीको विशेष ब्युरोको टोलीका अनुसार उनी अभिचन्द्र पाठकको घरमा लुकेर बसेका थिए । पाठक नेपालीभाषी हुन् । भारतको आन्तरिक सुरक्षा र प्रतिजासुसी संस्था इन्टेलिजेन्स ब्युरो (आईबी)को सहयोगमा प्रसाईं लुकेको ठाउँ पहिचान गरिएको थियो । त्यसपछि असमको स्थानीय प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । उनलाई ल्याउन नेपालबाट प्रहरीको विशेष ब्युरोको टोली असम पुगेको थियो ।

भारत र नेपालमा आपराधिक कार्यमा संलग्न भएको आरोप लागेका व्यक्तिलाई दुवै देशका प्रहरीले अनौपचारिक रूपमा बुझबुझारथ गर्दै आएका छन् । भारतीय प्रहरीले आतंकवादी क्रियाकलापमा संलग्न भएको आरोप लागेका आफ्ना थुप्रै नागरिकलाई नेपाल प्रहरीको समन्वयमा भारत लगेको पाइन्छ भने नेपालमा अपराध गरेर भारत पुगेकालाई पनि नेपाल प्रहरीले ल्याउने गरेको छ ।

खुल्ला सीमा भएका कारण नेपाल र भारतमा एउटा देशमा अपराधमा संलग्न व्यक्ति अर्को देशमा गएर लुक्छन् । यस्तोमा दुवै देशका प्रहरीबीच सहकार्य गरेर सीमासम्म ल्याउने अभ्यास पहिलेदेखि चलिआएको छ ।

नेपाल र भारतबीच सुपुर्दगी सन्धि नभएका कारण दुवै देशले छिमेकी देशमा कसुर गरेर आफ्नो देशमा पक्राउ परेका अभियुक्त वा कसुरदारलाई गुपचुप बुझाउने गरेका छन् । त्यसरी पक्राउ परेका व्यक्तिलाई सीमावर्ती क्षेत्रमा पक्राउ गरिएको दाबी दुवै देशका सुरक्षा निकायहरूले गर्दै आएको सुरक्षा मामिलाका जानकारहरू बताउँछन् ।

तीनकुने घटनाको ३ दिनपछि प्रसाईंले आफू काठमाडौंमै रहेको भन्दै फेसबुकमार्फत भिडियो सन्देश सार्वजनिक गरेका थिए । भिडियो सन्देशको पृष्ठभूमिमा मन्दिरसमेत देखिन्छ । त्यो मन्दिर असमस्थित प्रसाईं लुकेर बसेको घरकै रहेको प्रहरीको ठम्याइ थियो ।

**पक्राउ कि आत्मसमर्पण ?**

प्रसाईंको पक्राउका विषयमा एकसाथ फरक-फरक भनाइहरू बाहिर आएका छन् । उनी आफैंले भारतीय प्रहरीमा पुगेर आत्मसमर्पण गरेका हुन् वा प्रहरीले नै खोजेर उनलाई समातेको हो भन्ने विषय खुलेको छैन ।

प्रसाईंको सचिवालय र उनले पनि भारतीय प्रहरी समक्ष आत्मसमर्पण गरेको दाबी गरेका छन् । तर, नेपाल प्रहरीले उनी पक्राउ परेका जनाएको छ । २ दिनअघि प्रसाईंले जारी गरेको भिडियो सन्देशमा आफू मानवअधिकारवादी र वकिलहरूको रोहबरमा २४ घन्टाभित्र आत्मसमर्पण गर्न तयार रहेको बताएका थिए । यसका लागि आफ्नो जीवनरक्षाको ग्यारेन्टी हुनुपर्ने उनको शर्त थियो । सन्देश जारी भएको २४ घन्टाभित्रै उनी प्रक्राउ परेका हुन् ।

तर, नेपाल प्रहरीका अधिकारीहरूले प्रसाईंलाई भारतीय प्रहरीसँगको समन्वयमा पक्राउ गरेर नेपाल ल्याइएको जनाएका छन् ।

प्रसाईं फरार भएपछि उनको परिवारका सदस्यहरूलाई समेत प्रहरीले छानबिनमा तानेको छ । उनका दाइ राकेश प्रसाईंलाई पक्राउ गरेर सोधपुछपछि हाजिर जमानीमा छाडिएको छ । परिवारका अन्य सदस्यहरू पनि प्रहरी निगरानीमा छन् । सुरक्षा अधिकारीहरू २ देशबीच अपराधमा संलग्न व्यक्ति आदानप्रदानसम्बन्धी सुपुर्दगी सन्धि नभएका कारण लामो समयदेखि प्रहरीले अर्को देशभित्र पक्राउ परेका व्यक्तिलाई सीमा क्षेत्रमा पक्राउ गरेको भन्नुपर्ने बाध्यता रहेको बताउँछन् ।

**कस्तो मुद्दा लाग्न सक्छ ?**

प्रहरी प्रवक्ता आचार्यका अनुसार राज्यविरुद्धको कसुर र संगठित अपराधमा अनुसन्धानका लागि प्रसाईंविरुद्ध अदालतबाट प्रहरीले पक्राउ पुर्जी लिएको छ ।

मुलुकी फौजदारी संहिताको दफा ४९ मा संगठित अपराधमा सजायसम्बन्धी व्यवस्था छ । त्यसमा राज्यको स्वतन्त्रता, एकता, सार्वभौमसत्तालगायतका विषयमा खलल गर्नेगरी हातहतियारसहित संगठन निर्माण गर्ने कसुर गरेको अवस्थामा अधिकतम जन्मकैदसम्म हुन सक्ने व्यवस्था छ ।

यस्तो किसिमको जन्मकैदको सजाय पाएका व्यक्तिले २५ वर्ष कारागार बस्नुपर्छ । उक्त दफामा राज्यविरुद्धको कसुर गर्न उक्साउनेलाई १० वर्षसम्म कैद र सामान्य कसुरमा ५ वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था छ ।

संगठित रूपमा तोडफोड, हिंसा र आगजनी गरेको भन्दै संगठित अपराधमा अनुसन्धान गर्नसमेत प्रहरीले अनुमति लिएको हो । ३ जनाभन्दा बढीको समूह बनाएर ३ वर्षभन्दा बढी कैद सजाय हुने अपराध गरेमा संगठित अपराध हुने कानुनी व्यवस्था छ ।

प्रसाईंविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमा समेत अनुसन्धान अघि बढ्ने जनाइएको छ । तीनकुनेमा सुरक्षाकर्मीलाई मार्ने नियतले गाडीले पेल्दै अघि बढेको आरोप उनीमाथि छ । यसका साथै प्रसाईंविरुद्ध सार्वजनिक सम्पत्ति र निजी सम्पत्ति तोडफोड गरेको आरोप पनि छ । यसका लागि उनीविरुद्ध मुलुकी अपराध संहिताको दफा २८५ को आपराधिक उपद्रवको कसुरमा समेत अनुसन्धान हुन सक्ने बताइएको छ ।

**पूर्वराजालाई संसदीय समितिमा बोलाउन माग**

सांसदहरूले तीनकुनेमा भएको हिंसात्मक घटनाको छानबिनको दायरामा पूर्वराजा ज्ञानेन्द्र शाहलाई ल्याउनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा उनीहरूले तीनकुने घटनामा ज्ञानेन्द्र शाहको भूमिका देखिएकाले छानबिनको दायरामा ल्याउनुपर्ने बताएका हुन् ।

कांग्रेस सांसद जीवन परियारले घटनामा ज्ञानेन्द्र शाहको भूमिकाका बारेमा बहस भएकाले समितिमा बोलाउन सुझाव दिए । कुनै पनि व्यक्तिले अराजकता र अमानवीय काम गरे संविधानको नजरमा बराबर रहेकाले ज्ञानेन्द्र शाहका विषयमा छलफल हुनुपर्ने उनले बताए ।

त्यस्तै, एमाले प्रमुख सचेतक महेश बर्तौलाले पनि तीनकुने घटनामा पूर्वराजा शाहको संलग्नता देखिएको जबाफदेहीको तहमा ल्याउनुपर्ने बताए । तर, राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले तीनकुने घटना राज्यपक्षले नियोजित रूपमा गराएको आरोप लगाए ।

यसैबीच समितिले तीनकुने घटनाबारे छानबिन समिति गठन गरी दोषीमाथि कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ। समिति सभापति बिमला सुवेदीले घटनामा शान्ति सुरक्षा कायम गर्ने सरकारको दायित्वमा कमजोरी देखिएको बताइन् ।

**संसदको...**

(रास्वपा)की सांसद सोविता गौतमले २३ र रास्वपाकै सांसद शिशिर खनालले २ वटा प्रश्न दर्ता गरेका थिए । खनालका दुवै प्रश्न लिखित जबाफ माग गरिएका थिए भने गौतमका प्रश्न संसद्मै छलफल गर्नेगरी मौखिक रूपमा मागिएका थिए ।

गौतमले अर्थमन्त्री, गृहमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, कृषि तथा पशुपक्षी विकासमन्त्री र वन तथा वातावरणमन्त्रीका लागि प्रश्न दर्ता गरेकी थिइन् ।

तर, कुनै पनि प्रश्नमा प्रत्यक्ष प्रश्नोत्तर संसद्मा भएन । प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रमले निरन्तरता पाए तापनि मन्त्रीसँग एक पटक पनि प्रश्नोत्तर कार्यक्रम भएन ।

संसद्मा पुगेका सांसदका ८ वटा प्रस्तावमध्ये ५ वटा प्रस्ताव अगाडि बढेनन् र निष्क्रिय हुन पुगे ।

सांसद राजेन्द्र बजगाईंको बाँदर र जंगली सुँगुर नियन्त्रणबारे र सांसद सुनिल शर्माको स्वास्थ्य बीमासम्बन्धी प्रस्तावमा छलफल भयो । सांसद शेरबहादुर कुँवर प्रस्तावक रहेको सुदूरपश्चिम र कर्णालीका विपन्न र पिछडिएका समुदायका नागरिकले पाउँदै आएको निःशुल्क स्वास्थ्य उपचार निरन्तरताको ध्यानाकर्षण प्रस्तावमा पनि छलफल भयो ।

पाँचौं अधिवेशनमा दर्ता भएका ५ वटा सार्वजनिक महत्त्वका प्रस्ताव भने निष्क्रिय भए, जसमा सांसद सुनिता बराल प्रस्तावक रहेको वातावरणीय लेखापरीक्षणसम्बन्धी, सांसद राजेन्द्र बजगाईंको यार्सागुम्बा संकलनमा जाने परिवारको वैकल्पिक जीविकोपार्जनको व्यवस्थासम्बन्धी प्रस्ताव छ ।

सांसद बजगाईंकै मोटरसाइलकमा पछाडि बस्नेले हेलमेट अनिवार्य लगाउनेसम्बन्धी र सांसद शर्माको सार्वजनिक यातायात व्यवस्थापनसम्बन्धी प्रस्ताव पनि निष्क्रिय भयो । सांसद रघुजी पन्तको ध्यानाकर्षण प्रस्ताव पनि निष्क्रिय भयो । विवाहको उमेर २१ वर्ष पुऱ्याउनुपर्ने प्रस्ताव पन्तको थियो ।

प्रतिनिधिसभा नियमावलीमा प्रधानमन्त्री र मन्त्रीहरूसँग प्रश्नोत्तर कार्यक्रम हुने व्यवस्था छ । प्रधानमन्त्रीसँग सभामा प्रत्यक्ष प्रश्नोत्तर हुने व्यवस्था छ । विभागीय मन्त्रीसँग भने लिखित र मौखिक दुवै प्रश्नको व्यवस्था छ ।

लिखितको जबाफ लिखितै रूपमा र मौखिक प्रश्नको जबाफ प्रत्यक्ष रूपमा दिने व्यवस्था छ तर यस्तो अभ्यास संसद्मा हुन नसकेको हो ।

अर्थात्, संसद्लाई सक्रिय बनाउन न सांसदहरूले तत्परता देखाए, न त राजनीतिक दलहरूले भूमिका खेले । न सत्तापक्षले संसद्लाई जीवन्त बनाउन प्रयास गऱ्यो, न त प्रतिपक्षले खबरदारी गऱ्यो । संसद् केवल चल्नका लागि चल्ने गरेको छ ।

# एमाले सिध्याउँछु भन्नेहरू सफल भएनन् : प्रधानमन्त्री



**रुपन्देही/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले एमाले सिध्याउँछु भन्ने स्वार्थी तत्वहरू असफल भएको बताएका छन् ।

नेकपा (एमाले) को रुपन्देही जिल्ला कमिटीले शुक्रबार बुटवलमा आयोजना गरेको जागरणसभालाई सम्बोधन गर्दै एवं एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले एमालेले लिएको समृद्धि र विकासको यात्राबाट तर्सिएर देशी विदेशी प्रतिक्रियावादी स्वार्थी तत्वहरूले एमालेलाई विभाजनको असफल कोशिस गरिरहेको बताए ।

'एमालेलाई सिध्याउँछु, केपी ओलीबिनाको एमाले बनाउँछु भन्नेहरू सफल हुँदैनन् । म धेरै बाँच्ने होइन, त्यसपछि पनि मभन्दा बलवान नेताहरू पार्टीमा आउनेछन् । यस देशको विकासको भाग्यरेखा हामी आफै कोर्छौं', उनले भने ।

मान्छेको घरमा आगो लगाएर र पसलबाट चोरेर भाग्नेहरूले क्रान्ति र परिवर्तनका लागि केही गर्न नसक्ने पनि उनले बताए ।

राजतन्त्र र पञ्चायतकालमा मुलुकमा कुशासन र अव्यवस्था भएकाले जनताको बलिदानीपूर्ण संघर्षबाट ल्याइएको लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन अहिलेको सरकारले आफ्ना सबै प्रयास गरिरहेको प्रधानमन्त्रीको भनाइ छ ।

विगतमा आफ्ना कुशासन र निरंकुशताको राज सम्झिएर प्रतिगामी तत्वहरूले यस व्यवस्थालाई बदनाम गर्न अराजकता र अफबाह फैल्याउन खोजे पनि त्यसबाट विचलित नभई समृद्धि र सुशासनको अहिलेको यात्रामा योगदान दिन सबैमा आग्रह उनले आग्रह गरे ।

अहिलेको आधुनिक समयमा जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा पछि लाग्नु बेक्कार भएको जनाउँदै प्रधानमन्त्रीले लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउँदै जनताको समृद्धि र विकासलाई तीव्र गति दिन वर्तमान संयुक्त सरकार कटिबद्ध रहेको स्पष्ट गरे । देशका ठुला दलहरू नेपाली कांग्रेस र एमालेले मुलुकलाई स्थायित्व दिन र देशलाई परिवर्तनका लागि सरकार बनाएले यो सरकार आगामी निर्वाचनसम्म जाने स्पष्ट गर्दै उनले भने, 'यो सरकार ढल्न त के हल्लन पनि हल्लँदैन ।' प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारको पालामा लुम्बिनीमा विभिन्न राजमार्ग, अस्पताल, अन्नाष्ट्रिय सम्मेलन केन्द्र, ध्यान केन्द्र, कृषि उत्पादन क्षेत्रको विकासजस्ता अनेकै विकास र प्रविधिका योजना र कार्यक्रमहरू ल्याएको अवगत गराए ।

# गण्डकी विश्वविद्यालयको कुलपतिमा प्रा.डा. तिवारी



**पोखरा/मस–** गण्डकी विश्वविद्यालयको कुलपतिमा प्रा.डा.इन्द्रप्रसाद तिवारी नियुक्त भएका छन् ।

कुलपति सिफारिस समितिले गत चैत २१ गते तीन जनाको नाम सिफारिस गरेकामा मुख्यमन्त्री पाण्डेले तिवारीलाई नियुक्त गरेका हुन् । विश्वविद्यालय न्यासिक परिषद् अध्यक्षसमेत रहेका छनोट समिति संयोजक प्रा.डा.कैलाशनाथ प्याकुरेलसहित सदस्यद्वय प्रदेश लोकसेवा आयोग सदस्य कल्पना लम्साल र न्यायिक परिषद् सदस्य डा.यमुना घले समितिमा रहेका थिए । कुलपतिका लागि तिवारीसहित प्रा.डा.विश्वकल्याण पराजुली र प्रा.डा.सरोज कोइरालाको नाम सिफारिस गरिएको थियो ।

पोखरा महानगरपालिका-३१ का तिवारी पोखरा विश्वविद्यालय स्कुल अफ सोसल साइन्सका पूर्वडिन हुन् । नेपालको पहिलो प्रदेश विश्वविद्यालयका रूपमा गण्डकी विश्वविद्यालय रहेको छ । यसले गण्डकी विश्वविद्यालय ऐन, २०७६ गण्डकी प्रदेशसभाबाट २०७६ असोज २७ मा पारित भएसँगै विश्वविद्यालयको मान्यता पाएको थियो । विश्वविद्यालयमा हाल खेलकुद व्यवस्थापनमा स्नातक (बिएसएम), सूचना प्रविधिको स्नातक (बिआइटी) ब्याचलर अफ फार्मेसी (बिफार्म), ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन (बिबिए), ब्याचल अफ आर्ट्स ब्याचलर अफ ल (बिएएललबी) र मास्टर अफ इन्फर्मेसन टेक्नोलोजी-आर्टिफिसियल इन्टेलिजेन्स (एमआइटी एआई) विषयहरूको अध्ययनअध्यापन हुँदै आएको छ ।


**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेसीशहर, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

**IEE प्रतिबेदन तयार गर्ने कार्यका लागि सुचिकृत हुने सम्वन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२९)**

प्रस्तुत बिषयको सम्वन्धमा बेसीशहर नगरपालिकाको चालु आ.व २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार बेसीशहर नगरपालिका भएर बग्ने मर्स्याङ्दी नदि तथा दोर्दी खोलाको बगर क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरि बिक्रि वितरण गर्ने सम्वन्धि कार्यको लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिबेदन तयार गर्ने प्रयोजनका लागि योग्यता पुगेका फर्म/कम्पनी/परामर्शदाताहरुले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र देहाएको कागजात संलग्न गरि नगरपालिकामा सूचिकृत हुनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**सुचिकृत हुँदा संलग्न गर्नुपर्ने कागजातहरु**

फर्म/कम्पनी/परामर्श सेवाको दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि ।

PAN/VAT दर्ता र आ.व २०८०/८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

विभिन्न स्थानीय तहहरुमा EIA/IEE सम्वन्धि कार्य गरेको भएमा सो को अनुभवको प्रतिलिपि ।

**प्रमुख प्रशासकीय अधिकृत**


# निर्माण श्रमिकको नि:शुल्क स्वास्थ्य जाँच



**पाल्पा/मस–** पाल्पामा निर्माण क्षेत्रमा काम गर्ने ५५० श्रमिकको नि:शुल्क स्वास्थ्य जाँच गरिएको छ । भवन तथा बाटो निर्माणकर्मी संघले नि:शुल्क स्वास्थ्य जाँच शिविर आयोजना गरेको हो ।

संघका अध्यक्ष सुरेश कर्माचार्यले श्रमिकहरू दैनिक काममा व्यस्त हुँदा आफ्नो स्वास्थ्य अवस्थाबारे अनभिज्ञ भएको हुँदा उनीहरूको स्वास्थ्य जाँचको अभियान चलाइएको बताए ।

कर्माचार्यले भने, 'अधिकांश श्रमिकलाई उच्च रक्तचाप र मधुमेह भएको थाहै हुँदैन । जाँच गर्दा यस्ता समस्या देखिएका छन् । यस्तो अवस्थालाई रोक्न स्वास्थ्य जाँच र सचेतना कार्यक्रम सञ्चालन गरेका हौं ।' संघले प्रत्येक ६-६ महिनामा स्वास्थ्य जाँच गर्ने र औषधि खानेहरूको नियमित फलोअप गर्ने योजना बनाएको छ ।

स्वास्थ्यकर्मीको टोलीले विभिन्न ठाउँमा पुगेर जाँच गरेको छ । जाँचपछि आवश्यक औषधि र परामर्श पनि दिइएको छ । युनाइटेड मिसन अस्पतालका डाइबेटिज काउन्सिलर दीपक बिसीले भने, 'जाँच गरिएकामध्ये ५० प्रतिशतमा उच्च रक्तचाप र ३० प्रतिशतमा मधुमेह देखिएको छ ।' उनका अनुसार अन्य श्रमिकमा ढाड, कम्मर, गोडा दुख्ने र छालासम्बन्धी समस्या पनि भेटिएको छ । संघका उपाध्यक्ष नीलकण्ठ देवकोटाले सबै श्रमिकको घर, टोल र कार्यस्थलमै पुगेर जाँच गरिएको बताए ।

# 'नगरकोट भ्रमण वर्ष, २०८२' हुने




**काठमाडौं/मस–** नयाँ वर्षको अवसरमा नगरकोटमा 'नगरकोट भ्रमण वर्ष-२०८२' हुने भएको छ ।

शुक्रबार नगरकोटमा पत्रकार सम्मेलन गर्दै भक्तपुरको चाँगुनारायण, काठमाडौंको शंखरापुर, काभ्रेपलाञ्चोकको मण्डनदेउपुर र बनेपा नगरपालिकाले संयुक्त रुपमा आयोजना गर्न लागेका हुन् । नगरकोट भमण वर्षको शुभारम्भ राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ वर्षको दिन (वैशाख १) मा गर्नेछन् । भ्रमण वर्षको अवसरमा २ र ३ गतेपनि कार्यक्रम सञ्चालन हुनेछ । नगरकोट क्षेत्रको प्रकृति, संस्कृति र इतिहासलाई थप प्रचारप्रसार गर्ने उद्देश्यले नगरकोट नाल्दुम पर्यटन विकास समितिको समन्वय तथा सहकार्यमा भ्रमण वर्ष हुन लागेको मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबाले बताए । उनले भ्रमण वर्षको तयारी पूरा भइसकेको र २०८२ भित्रै नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सम्बन्धित निकायको ध्यानाकपर्ण गराउने समेत मुख्य लक्ष्य लिइएको जानकारी दिए ।

उनले भ्रमण वर्षभर कम्तीमा एकलाख अन्तर्राष्ट्रिय र १० लाख आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य लिएको बताए । नगरकोट भ्रमण वर्षलाई लक्षित गरी नगरकोटमा आन्तरिक पर्यटकलाई अवधि सुविधा दिनेगरी नगरकोटबाट काठमाडौंसम्म सिँधा बस सेवा सञ्चालन गरिसकेको जानकारी दिए । होटल व्यवसायीहरुले नयाँ वर्षको १, २ र ३ गते १५ प्रतिशत र भ्रमण वर्ष अवधिभर नगरकोट आउने आन्तरिक तथा वाह्य पर्यटकको बसाईमा १० प्रतिशत छुट दिने घोषणा गरेको छ ।

# मधेश प्रदेशका स्वास्थ्यकर्मी आन्दोलनमा



**काठमाडौं/मस-** मधेश प्रदेशका १ हजार ८ सय बढी स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएका छन् । मुख्यमन्त्री कार्यालय अगाडि जारी धर्नामा चौथो र पाँचौं तहका सिअहेव तथा सिअनमी स्वास्थ्यकर्मी सहभागी छन् । उनीहरूले चैत २५ गतेदेखि धर्ना सुरु गरेका थिए ।

धर्नामा सहभागी संयोजक मोहन साहले मधेस प्रदेश सरकारले ल्याएको 'मधेस प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१' मा उल्लेख भएको एक बाध्यात्मक वाक्यांशका कारण आफूहरु धर्नामा बसेको बताए ।

उक्त ऐनका कारण आफूहरु बढुवाबाट वञ्चित भएको उनले बताए ।उक्त वाक्यांश अनुसार 'कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भइसकेका स्वास्थ्यकर्मीहरूको बढुवा यही ऐनबमोजिम मात्र हुनेछ ।' यही बुँदालाई आधार मानेर मधेस लोकसेवा आयोगले प्रक्रिया रोकेपछि चौथो तहबाट सेवा शुरु गरेका कर्मचारीहरू अन्योलमा परेका छन् । आन्दोलनमा सहभागी करिब आधा स्वास्थ्यकर्मी महिला छन् । उनीहरू पनि सक्रिय रूपमा धर्नामा सहभागी छन् ।


**कल पे प्रा.लि. काठमाडौंलाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७०/०३/१४ मा दर्ता भएको प्रा.लि.नं. ११३८१२/०६९/७० रहेको यस **कल पे प्रा.लि.** का शेयरधनीहरुको मिति २०८१/१२/२९ मा सम्पन्न साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी ( लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ। तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

लिक्वीडेटरको कार्यालय : **नाम कुमार गुरुङ**
**ठेगाना: का.म.न.पा ११, काठमाडौं, सम्पर्क नम्बर : ९८१८७९६७००**

**श्री कल्याणकोट सामुदायिक वन उपभोक्ता समुह**
**शिवराज नगरपालिका वडा नं. ९, कपिलवस्तु**

**कल्याणकोट सामुदायिक वनको पुनरुत्पादन कटान तथा ढलापडा रुख कटान, मुछान, ढुवानी तथा घाटगढ्‌डी सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१२/३०**

कल्याणकोट सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०९. कपिलवस्तुको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा C1S5 र C254 सव-कम्पार्टमेन्टहरुमा पुनरुत्पादन कटानको ४४३ वटा रुखहरु को अनुमानित २००४३.३७ क्यू.फिट काठ र ३९.७० चट्टा दाउरा तथा सम्पूर्ण वन क्षेत्रमा रहेको ढलापडा २०८ वटा रुखको अनुमानित ५८४७.८९ क्यू. फिट काठ र ११.८५ बट्टा दाउरा गरी कुल ६५१ वटा रुखको अनुमानित २५८९१.२६ क्यू. फिट काठ र ५१.५५ चट्टा दाउरालाई ठेक्का नं. १.२.३ र ४ कायम गरी कटान मुछान संकलन धबानी पाईलिङ तथा घाटगढ्‌डी कार्य घटाघट प्रथाद्वारा शिलवन्दी दरभाऊपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुदाँ सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र ठेक्का नं. १, २, ३ र ४ को लागि छुट्टाछुट्टै दरभाउपत्र खरिद गरी १६ औं दिनको २:०० बजेभित्र ठेक्का नं. १, २, ३ र ४ को लागि छुट्टाछुट्टै रुपमा शिलवन्दी दरभाउपत्र पेश गर्न काठ सम्बन्धी कारोबार गर्ने नियमानुसार सुचीकृत भएको फर्म/संस्थाहरुलाई आवाहन गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ ।


# साउदीमा कार्यरत ५ नेपालीलाई विवरण दर्ता गर्न आग्रह



**रियाद/मस–** साउदी अरेबियास्थित नेपाली राजदूतावास रियादले साद ट्रेडिङ, कन्ट्रक्सन एण्ड फाइनान्सिएल सर्भिस कम्पनीमा कार्यरत पाँच नेपाली कामदारलाई कम्पनीबाट बाँकी रकम लिनका लागि आफ्नो विवरण दर्ता गर्न आग्रह गरेको छ ।

दूतावासले एक सूचना जारी गर्दै कम्पनी हाल विचलनको अन्तिम चरणमा रहेकाले बाँकी रकम दाबी गर्नका लागि कामदारहरूले तोकिएको अनलाइन लिंकमार्फत आफ्नो विवरण अनिवार्य रूपमा दर्ता गर्नुपर्ने आग्रह गरिएको छ ।

राजदूतावासद्वारा जारी सूचना अनुसार अमर सिंह पुन (आइडी नम्बर २२१७०५११८०), केशर लोक (आइडी नम्बर २२१७०५०४५५), लाछुमन कामी (आइडी नम्बर २१५३९७१५६५), मणिप्रसाद राई (आइडी नम्बर २१५३९७००७०) र हुटी कुनवार (आइडी नम्बर २१३७१४७३५७) लाई यथाशीघ्र आफ्नो विवरण दर्ता गर्न आग्रह गरिएको छ ।

कामदारहरूले आफ्नो विवरण दर्ता गर्न आग्रह गरिएको छ । साथै, थप जानकारी वा सहयोगका लागि राजदूतावासको इमेल ठेगाना र कम्पनीको इमेल ठेगानामा सम्पर्क गर्न आग्रह गरिएको छ । राजदूतावासले सम्बन्धित कामदारहरू वा उनीहरूका आफन्तहरूलाई तत्काल सम्पर्क गरी विवरण दर्ता प्रक्रिया अगाडि बढाउन विशेष अनुरोध गरेको छ ।


**साउदीमा रोजगार**

कम्पनी: **NATIONAL OIL CONTRACTING CORPORATION** — शहर: **RIYADH**
पुर्व स्वीकृत मिति: २०८१/१२/२९ — चलानी नं.: ६०२३६०१७ — **L.T. No.:321952**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 4 | 0 | स. काममा दक्ष | 1800 | ६६,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: **Al Reem Shine Laundry** — शहर: **Saudi Arabia, Riyadh**
पुर्व स्वीकृत मिति: २०८१/१२/२५ — चलानी नं.: ६०२३५७७६ — **L.T. No.: 321674**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Boys | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: **ARAB QUALITY STANDARDS INSTITUTION FOR ADVERTISING AND PUBLICITY** — शहर: **RIYADH**
पुर्व स्वीकृत मिति: २०८१/१२/२७ — चलानी नं.: ६०२३५९०३ — **L.T. No.: 321804**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ६ गते (19 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

